| 1. | Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: ABDULLAH FAHAD AL MUTAIRI SUPPORT SERVICE CO. LTD शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७८/०६/१८ चलानी नं.:६०१६४७६५ LT. No.: 246888 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 12 | 0 | स. काममा दक्ष | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २४ गते (7 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको रु. १०,०००/- अन्यको नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978 | 9818750078 | 9826101000
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Branch offices:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051




मध्यान्ह
www.madhyanhadaily.com
१७ जेठ २०८०, बुधबार
31 May 2023, Wednesday

## सम्पादकीय

# आफैंलाई नबुझेको कांग्रेस

नेपाली कांग्रेसभित्र संस्थापन इतर समूहले विशेष महाधिवेशनको माग उठाउन थालेको छ । सभापति शेरबहादुर देउवाको कार्यशैलीप्रति असहमति जनाउँदै विशेषगरी महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित नेताहरूले विशेष महाधिवेशनको माग गर्न थालेका हुन् । यो माग लिएर तलसम्मै जाने मनसायमा यी दुई नेता देखिन्छन् । अर्का नेता डा.शेखर कोइरालाको धारणा यसबारे सार्वजनिक भएको छैन । तर कोइरालाको साथ नभए पनि विशेष महाधिवेशनले मात्रै कांग्रेसलाई चलायमान बनाउने तर्क यी युवा नेताहरूले गरिरहेका छन् । विशेष महाधिवेशनको आवाज उठाउने नेताहरू कहिल्यैपनि सभापति देउवा निकट होइनन् । तर नक्कली भुटानी शरणार्थी प्रकरणप्रति नेतृत्वले प्रष्ट निर्णय लिन नसकेको भन्दै पार्टीभित्र विशेष महाधिवेशनको आवाज बढाएका छन् । थापा र शर्मा नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्व गृहमन्त्री बालकृष्ण खाँणलाई निलम्बन गर्नुपर्ने पक्षमा थिए ।

तर आफू निकट नेता खाँणलाई निलम्बन गर्न सभापति देउवा तयार भएनन् । गत २७ वैशाखमा खाँण पक्राउ परेपछि भोलिपल्टै सभापति देउवाले शीर्ष नेताहरूको बैठक राखेका थिए । त्यसदिन कुनै निर्णय नभएपछि अर्को दिन पनि बैठक राखे । त्यसपछि बैठक नै बोलाउन छोडेका देउवाले उल्टै आफूलाई भेट्न आउनेहरूसँग खाँणलाई केही नहुने जवाफ दिए । यस्तो शैलीप्रति रूस्ट नेताहरूले विशेष महाधिवेशनको आवाज उठाएका छन् । कांग्रेसको विगत हेर्दा विशेष महाधिवेशन सजिलो छैन । २०१४ सालमा संस्थापक सभापति बीपी कोइरालाकै चाहना हुँदा विराटनगरमा विशेष महाधिवेशन भएको थियो । त्यो महाधिवेशनले फेरि बीपीलाई नै सभापति चुनेको थियो । त्यसपछि कहिल्यै पनि कांग्रेसमा विशेष महाधिवेशन हुन सकेको छैन । उल्टै नियमित महाधिवेशन समेत हुन नसक्ने नियति झेल्दै आएको कांग्रेसमा विशेष महाधिवेशन सजिलो कुरा होइन ।

अझ असन्तुष्टहरूले भनेजस्तो देउवालाई हटाउने प्रयोजनकै निम्ति विशेष महाधिवेशन बोलाउन संस्थापन तयार हुने कुरै भएन । यसको अर्थ कांग्रेसभित्र असन्तुष्टको चाहना पुरा हुन सजिलो छैन, तर सभापति देउवालाई काम गर्न सजिलो पर्ने पनि देखिदैन । किनकि पार्टीभित्र खुलेर सभापति हटाउनुपर्ने आवाज उठ्न थालेको छ । यसले कांग्रेसलाई थप कमजोर बनाउने पक्का छ । त्यसैपनि समकालीन राजनीतिमा कांग्रेस सवैभन्दा ठूलो दल भएपनि राष्ट्रिय एजेण्डामा आफ्नो पोजिसन बलियो बनाउन सकेको छैन । यसको असर सिंगो मुलुककै राजनीतिमा परिरहेको छ । अतः कांग्रेस संस्थापन र इतर समूहले पार्टी चलायमान र बलियो बनाउनेबारे गम्भीर भएर सोच्न आवश्यक छ ।

# प्रधानमन्त्रीले भारतसँग उठाउनुपर्ने विषय

अग्रलेख



● श्रीराम श्रेष्ठ

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणको कार्यक्रम तालिका सार्वजनिक भएको छ । प्रधानमन्त्री प्रचण्डले जेठ १७ गतेदेखि २० गतेसम्म छिमेकी देश भारतको औपचारिक भ्रमण गर्नेछन् । कार्यतालिका अनुसार प्रधानमन्त्रीले जेठ १८ गते भारतीय समकक्षी नरेन्द्र मोदी नेतृत्वको प्रतिनिधिमण्डलसँग हैदरावाद हाउसमा वार्ता गर्ने र त्यसपछि प्रचण्ड र मोदीले संयुक्त रुपमा पत्रकार सम्मेलन गर्नेछन् । सम्मेलन सकिएपछि भारतीय प्रधानमन्त्री मोदीले प्रधानमन्त्री प्रचण्ड र उनको प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गर्नेछन् ।

भारतीय राष्ट्रपति द्रोपदी मुर्मु, उपराष्ट्रपति जनदीप धनखरसँग पनि भेटवार्ताको कार्यक्रम छ । प्रधानमन्त्री प्रचण्डले नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघले संयुक्त रुपमा आयोजना गरेको नेपाल-भारत व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्ने कार्यतालिका छ । भ्रमणकै क्रममा भारतको मध्य प्रदेशको उज्जैन र इन्दोरको पनि भ्रमण गर्ने तथा भारतका लागि नेपाली राजदूत शंकरप्रसाद शर्माले आयोजना गरेको स्वागत समारोहमा भारतमा रहेका नेपाली समुदायसँग पनि कुराकानी गर्नेछन् । यसपालिको भ्रमणले नयाँ इतिहास रच्ने र केही नयाँ चिज लिएर आउने दाबी प्रधानमन्त्रीले गर्दै आएका छन् ।



जेठ १५ गते संसदमा बजेट पेस गरे लगत्तै दाहालले भारत भ्रमण गर्ने गरी परराष्ट्र मन्त्रालयले तयारी नै पुरा गरेको छ । प्रधानमन्त्री भए लगत्तै भारत भ्रमणको चाहना देखाएका दाहालले यस पटकको भ्रमण विगतको भन्दा फरक र ऐतिहासिक हुने बताइरहेका छन् । यो औपचारिक भ्रमण तालिका भएपनि भारत भ्रमणसँग जोडिएका सामरिक महत्व र दुई देशबीच हुने सम्झौता के कस्तो होला के-के एजेण्डा हुन्छन् ? नेपालको हितमा कस्तो एजेण्डा लिएर भारत जानु उचित हुन्छ वा हुनु पर्छ भन्ने जनचासो र राजनीतिक वृत्तमा ठूलै चर्चा हुने गरेको छ ।

पुष्पकमल दाहाल प्रचण्डले तेस्रो पटक प्रधानमन्त्री भएपछि पहिलो विदेश भ्रमण भारतबाटै गर्ने भन्दै अन्य भ्रमणलाई पन्छाउँदै आइरहेका थिए । दाहाल प्रधानमन्त्री भएको पाँच महिना पुग्नै लाग्दा भारत भ्रमणको चर्चा पटक-पटक नभएको पनि होइन । यस पटकको भ्रमणमा जलविद्युत आयोजना, ट्रान्समिसन लाइन विस्तार, पारवहन, हवाई उड्डयनलगायतका विषयलाई प्राथमिकता राखेर एजेन्डा तय गरिएको छ । दुई मुलुकबीचका सीमा समस्या समाधान गर्ने विषयलाई पनि भ्रमणको प्राथमिकतामा राख्ने तयारी छ । भ्रमण अगावै प्रधानमन्त्रीले ऐतिहासिक र उपलब्धिमूलक हुने दाबी गर्दै आएको भ्रमण साँच्चिकै महत्वपूर्ण बनाउने हो भने नेपालले केही विषयलाई गम्भीरताका साथ उठाउन आवश्यक देखिन्छ ।

नेपाल भारतबीच देखिँदै आएको सीमा समस्याको दीर्घकालीन समाधान तथा भारतले अतिक्रमण गरेका नेपाली भू–भाग फिर्ता ल्याउन सक्नुपर्छ । यति गर्न सके भ्रमण साँच्चिकै ऐतिहासिक बन्ने छ । केही वर्षदेखि विवाद र चर्चामा आएको लिपुलेक र लिम्पियाधुरा क्षेत्र नेपालले चुच्चे नक्सामा समेटेको छ । उक्त भूभाग फिर्ता ल्याउन सके प्रधानमन्त्रीको भ्रमण ऐतिहासिक बन्न सक्नेछ । तत्कालीन प्रधानमन्त्री केपी ओलीको समयमा गुमेको लिपुलेक र लिम्पियाधुरा क्षेत्रलाई समेटेर नेपालको नक्सा सार्वजनिक गरिएको थियो । तर उक्त क्षेत्रको भाग नेपालले भोगचलन गर्न सकेको छैन ।

यस पालिको जनगणनामा पनि सरकार त्यस क्षेत्रमा प्रवेश गर्न सकेन । यो विषय अब नेपालको सार्वभौकिता, सम्प्रभूता र जनताको भावनासँग जोडिएको विषय बनिसकेको छ । लामो समयदेखि भारतले हडपेर राखेको भूभाग नेपालले फिर्ता ल्याउन सक्नु पर्छ । यस विषयमा प्रधानमन्त्रीले कसरी कुरा उठाउनेछन् भनेर जनताले हेरिरहेका छन् ।

नेपाल र भारतबीच विभिन्न समयमा भएको विद्युत व्यापार सम्झौता पूर्ण रुपमा कार्यान्वयनमा आएको छैन । यसलाई पूर्ण कार्यान्वनको दिशामा लैजान पहल गर्नुपर्नेछ । यसै गरी नेपाल भारतबीच रहेका समस्या समाधान गर्न सन् २०१६ मा गठन भएर २०१८ मा तयार भएको प्रबुद्ध समूह, इपिजीको प्रतिवेदन भारतले बुझेको छैन भनिएको छ । यस्ता विषयमा भारतलाई सहमत गराउन आवश्यक छ ।

*फेरि पनि प्रधानमन्त्रीले यस पटकको भ्रमण ऐतिहासिक र अर्थपूर्ण हुने पटक-पटक बताइरहँदा जनतले कालापानी, लिम्पियाधुरा र चुच्चे नक्साको भूभाग नेपालले भोगचलनसहित फिर्ता ल्याउने विषय सार्वभौम प्रतिष्ठाको विषय बनाइरहेका छन् । यो समस्या समाधान गर्न सके साँच्चिकै भ्रमण ऐतिहासिक हुनसक्छ ।*

यसैगरी भारतसँग हुँदै आएको झन्डै १५ खर्ब बराबरको व्यापार घाटा कसरी कम गराउने भन्ने चुनौती नेपालका सामू छ । यो सँगसँगै निर्माण सम्पन्न भएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको हवाई रुट उपलब्ध गराउने विषय पनि चुनौती बनेको छ । यस विषयमा भारतीय पक्षलाई कसरी मनाउन सकिन्छ र नेपालको हितमा काम हुनसक्छ भन्ने प्रधानमन्त्रीका सामू चुनौती कै विषय हो । भारतको रक्सौलदेखि काठमाडौंसम्मको विद्युतीय रेलमार्ग अघि बढाउने र सीमापार आतंकवाद नियन्त्रण गर्ने जस्ता विषय पनि दूरगामी महत्वका विषय हुन् ।

भारतमा गरिएको नोटबन्दीका कारणले नेपालमा थुप्रिएका भारतीय रुपैयाँ सटहीको विषय थाति रहेको अर्को विषय हो । नेपाली उत्पादनलाई विभिन्न नाममा दिइने निर्यातमा सास्तीहरू कम गर्ने व्यापार घाटा न्यूनीकरण गर्ने विषयमा छलफल, नेपाल सार्कको अध्यक्षको हैसियतमा यसको सम्मेलन गर्ने कि नगर्ने, नगर्ने भए सार्कलाई आउँदो दिनमा के गर्ने भन्ने विमर्श, भारत र भारतीय कम्पनीले ओगटेर राखेका जलविद्युत आयोजनाबारे निष्कर्ष निकल्ने गरी पहल गर्न वार्तामा समावेश गर्नैपर्ने विषयहरु हुन् ।

आपसी हितका सम्भावना पहिल्याउने र कर्मचारीतन्त्रमा खुम्चिएको नेपाल भारत सम्बन्धलाई फराकिलो बनाउँदै राजनीतिक र नागरिक तहमा विस्तार गर्ने प्रयास हुनु जरुरी भइसकेको छ । खाद्य पदार्थको आयात निर्यात गर्दा गुणस्तर मापनको प्रबन्ध मिलाउने, जलवायु परिवर्तनमा द्विपक्षीय साझेदारी गर्ने लगायतका यावत विषयहरुमा प्रधानमन्त्रीको भ्रमणमा समकक्षीसित गहिरो गरी छलफल गर्न सकेमा मात्र प्रधानमन्त्रीले भनेको जस्तो भारत भ्रमण उपब्धिपूर्ण हुनसक्छ ।

नेपाल सार्कको अध्यक्ष राष्ट्र हो । पछिल्लो समय दक्षिण एशियामा देखिएको भूराजनीतिक टकराव र प्रतिस्पर्धाले क्षेत्रीय तहमा हुने प्रभाव र दुई देशबीचको इतिहासदेखिको सम्बन्धमा पार्ने नकारात्मक असर पर्ने विषय साझा विषय हुन । छिमेकी देशको हरेक कदम अर्को छिमेकीको चासोको विषय हुनु स्वाभाविकै हो । भारत र पाकिस्तान तथा भारत र चीन बीच चिसो सम्बन्धलाई पनि क्षेत्रीय समस्याको रुपमा नेपालले हेर्नु पर्दछ । अर्कोतर्फ रूस र युक्रेनबीच भइरहेको युद्धका कारण विश्वका देशहरुबीच व्यापक र तीव्र ध्रुवीकरण भइरहेको छ । यही क्रममा नेपालले युक्रेनको पक्ष लिएको सन्दर्भमा दुई छिमेकी चीन र भारतले निकै चासोका साथ अवलोकन गरिरहेको देखिन्छ । दुवै छिमेकी तटस्थ र मौन बसिरहेका वेला नेपालले पक्षधरता प्रकट गर्नुलाई असंलग्नताको नीतिमा रहेको संस्थापक देश नेपालको विदेश नीतिमा परिवर्तन आएको हो कि ? भन्ने विश्लेषण पनि गरिएको छ । दुवै छिमेकी देशहरुले यो निर्णयलाई चासो पूर्वक हेरिरहेका छन् । छिमेकी भएको नाताले मात्रै होइन, हाम्रा दुवै छिमेकीले पनि असंलग्न रहन रुचि र दृढता प्रकट गर्दै आएकाले शक्तिराष्ट्रको चेपुवामा पर्दा आफूलाई पर्ने प्रभावबारे सचेतता पूर्वक यस्ता भ्रमणहरुमा छलफल गरी देशहितको पक्षमा ल्याउने प्रयास गर्नु पनि महत्वपूर्ण हुन्छ ।

यतिबेला दक्षिण एशियामा विश्व राजनीति केन्द्रित भइरहेकोले उनीहरूको उचित व्यवस्थापन र मानवीय सहयोगका लागि संयुक्त प्रयास गर्न आवश्यक देखिन्छ । शरणार्थी समस्या यस क्षेत्रकै क्षेत्रीय समस्या बन्दै गइरहेको छ । यस्तो अवस्थामा सार्कलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धी तुरुन्तै सार्क स्तरीय छलफल गर्नुपर्ने आवश्यक देखिन्छ । त्यसका लागि अध्यक्षको नाताले प्रचण्डले समकक्षीसित उपयुक्त वार्तालाप पनि गर्नुपर्ने छ ।

नेपाल र भारत सम्बन्धमा थुप्रै अनिर्णित विषयहरु थाति रहँदै आएका छन् । कतिपय अवस्थामा नेपालले आफ्ना रुचि र राष्ट्रिय स्वार्थहरूलाई ठीकसित बेलैमा भारतका समकक्षीलाई बुझाउन नसक्दा अनपेक्षित परिणाम र परिस्थितिहरू नेपालले भोग्नुपरेको छ । त्यसकारण प्रधानमन्त्री प्रचण्डले नेपालको हितका विषय गहन रुपले निर्भीकताका साथ आफ्ना समकक्षीलाई भन्न सक्नु पर्दछ । राजनीतिक दृष्टिकोण र प्राथमिकताका आधारमा परिभाषित र निर्देशित गर्ने कार्यले जनस्तरमा फिंजिएको दुई देशको सम्बन्धमा बेलाबेलामा दरार ल्याउने अत्यधिक प्रयत्न भइरहेका पनि छन् । असमझदारी र असहमतिको दूरी न्यूनीकरण गरी आपसी अन्तरसंवादको वातावरण निर्माण गर्ने अवस्था पनि कमजोर हुँदै गइरहेको छ । दुई देशका समकक्षी बीच सीधै राजनीतिक नेतृत्वको तहमा सम्वाद गर्न सक्ने परिस्थितिको सिर्जना गर्ने किसिमको वातावरण तयार गर्ने पनि यो भ्रमणलाई अवसरको रुपमा उपयोग गर्नुपर्ने अवस्था छ ।

फेरि पनि प्रधानमन्त्रीले यस पटकको भ्रमण ऐतिहासिक र अर्थपूर्ण हुने पटक-पटक बताइरहँदा जनताले कालापानी, लिम्पियाधुरा र चुच्चे नक्साको भूभाग नेपालले भोगचलन सहित फिर्ता ल्याउने विषय सार्वभौम प्रतिष्ठाको विषय बनाइरहेका छन् । यो समस्या समाधान गर्न सके साँच्चिकै भ्रमण ऐतिहासिक हुनसक्छ । अन्यथा सामान्य व्यापार सम्झौता र प्रधानमन्त्री भएपछि पहिलो विदेश भ्रमण भारतबाट गर्ने परम्पराकै निरन्तरता मात्र हुनेछ ।

## सामाजिक सञ्जाल



**- राजेन्द्र लिङ्देन**

भारतको नयाँ संसद भवनमा राखिएको अखण्ड भारतको नक्शामा कपिलवस्तु, लुम्बिनी पनि उल्लेख हुनु नितान्त आपत्तिजनक छ । तत्काल सरकारको धारणा सार्वजनिक हुन जरुरी छ ।



**- गोकुलप्रसाद बास्कोटा**

भारतको नयकका संसद भवनमा राखिएको र सांस्कृतिक भनेर प्रचार गरिएको नक्सामा नेपालका ऐतिहासिक स्थान समावेश गर्नु आपत्तिजनक कुरा हो । हामीले विशाल नेपालका त्यस्तै स्थान समेटेर उस्तै कार्य गरे भारतको प्रतिकृया कस्तो हुन्थ्यो होला ? प्रमको भारत भ्रमणमा नेपालले यो स्वीकार्न सक्दैन भन्नै पर्छ ।



**- हर्क साम्पाङ**

वारीबाट बेचिएको कि पारीबाट पालिएको कुन प्रजाती हो ? अब नेपालले इतिहास र भूगोलको ज्ञान बाँड्न यो नक्सा नेपालको संसदमा प्रयोग गरे तिम्रा अन्नदाता खुसी साथ स्वीकार गर्छन् त ? सोधेर आउनु !



**- दिल निशानी मगर**

भारतसँग अखण्ड भारतको नक्सा रहेछ । चिन्ता गर्नु पर्दैन, हामीसँग पनि ग्रेटर नेपालको नक्सा छ । लुम्बिनी र कपिलवस्तु भारतको हो भन्ने भ्रम पैदा गर्छ भने नेपालको त झन् पूर्वमा टिस्टा देखि पश्चिममा काँगडासम्म सबै हो । यदी टाँसेर नै हुने भए अब हाम्रो संसद भवनमा पनि यही नक्सा टाँस्नु पर्छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नयाँ कार्यमा सावधानी राख्नुस्, यश बढ्नेछ । |
| वृष | : | घरेलु जिम्मेवारीमा वृद्धि हुन्छ, प्रियजनसँग भेट हुनेछ । |
| मिथुन | : | भौतिक वस्तुमा वृद्धि हुन्छ, अर्का माथि भरोसा नगर्नुस् । |
| कर्कट | : | आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुन्छ, बाहिरी सम्बन्ध राम्रो रहन्छ । |
| सिंह | : | सन्तुलित आहार लिनुपर्छ, परिश्रमबाट सफलता मिल्छ । |
| कन्या | : | यात्रा सफल हुन्छ, धार्मिक कार्यहरुमा सहभागिता बढ्छ । |
| तुला | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन, पुँजी निवेशमा सावधानी राख्नुस् । |
| वृश्चिक | : | राजनैतिक कार्य सफल हुन्छ, विद्यार्थीहरुको लागि राम्रो समय । |
| धनु | : | सबै कार्यमा सावधानी राख्नु पर्छ, पदोन्नति हुने योग छ । |
| मकर | : | स्वास्थ्य सामान्य रहन्छ, पारिवारिक दायित्वहरुमा वृद्धि हुन्छ । |
| कुम्भ | : | रुकावटहरु समाप्त हुन्छ, वाहन सावधानी जरुरी छ । |
| मीन | : | बाहिरी सहयोग प्राप्त हुन्छ, पारिवारिक उल्झन अशान्ति पैदा गर्छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# निर्जला एकादशी र तुलसी

समीक्षा



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*निर्जला एकादशीको दिन बिहानै तुलसीदल छर्ने कार्य गरी श्रीविष्णुको पूजा गरिन्छ । तुलसीको महत्व जीवनको उदयदेखि अन्त्यसम्म रहेको छ । कुश, तुलसी, पीपलको महत्व पूर्वीय संस्कृतिमा विश्वास गर्नेहरूका लागि जीवनको ह्रदय झैँ महत्व रहेको कुरा वैदिक साहित्यमा सर्वत्र चर्चा भएको पाइन्छ ।*

सृष्टिको उषाकालमा ब्रह्माजीको अंश/वंशमा तालजङ्घ असुरको उदय भयो । उसको पुत्र मुर दानवको उदयले संसारलाई भयभीत बनायो । देवताहरु राज्यच्यूत भए । शिव आज्ञाले श्रीविष्णुले मुर दानवलाई बध गर्ने आदेश दिँदा श्रीविष्णु नै युद्धक्षेत्रमा पराजित भई वदरीकाश्रमको सिँहावती गुफामा सुत्नु पर्ने भयो । शयन गरिएका विष्णुका शरीरबाट सम्पूर्ण तेजसहितको एक कन्याको उदय भयो । ती कन्यासँग सम्पूर्ण शस्त्र अस्त्रदेखि युद्धकलाको सम्पूर्ण ज्ञान थियो । ती कन्या त्यही मुर दानवसँग युद्ध गर्न लागिन् । नृशंस, संहारकारी मुर दानव पराजित भयो तिनै कन्याबाट ! श्री विष्णु पनि आफू जागा भएर ती कन्यालाई वरदान माग भन्दा उनले आफ्नो नाम एकादशी रहनु पर्ने र तीर्थमा श्रेष्ठ, विध्ननाशक, सिद्धिदाता, धन, धर्म, मोक्षको कारक भई मानवलाई चाहे अनुसारको सिद्धि दिन सकूँ भन्ने वरदान मागेकीले हुन्छ भन्ने श्री विष्णुको आदेश अनुसार सत्ययुगदेखि नै एकादशीको उदय र महत्व बढ्दै आएको हो ।

शुक्ल र कृष्ण गरी दुई भेद भए पनि उस्तै सिद्धि दिने एकादशी हरेक महिनाको दुई वटाको दरले वर्षभरीमा चौवीसवटा र पुरुषोत्तममास समेत दुईवटा गरी जम्मा २६ वटा हुन्छन् । यसपालि अधिकमास परेको छ श्रावणमा । त्यसमध्ये तुलसीरोपण एकादशीको नामले जेष्ठशुक्ल एकादशी निर्जला एकादशी यसपालि यही जेठ १७ गते परेको छ । दशहराको भोलिपल्ट पर्ने यो एकादशी खासमा तुलसी वीजरोपणसँग सम्बन्धित छ । तुलसीको मञ्जरीदल छर्ने एकादशी पनि भनिन्छ यस दिनलाई ! दशहरा स्नान अन्तर्गत भर्खरै गोसाइँकुण्ड मेला पूर्ण भएको छ ।

सामान्यतया द्वादशीयुक्त एकादशीलाई एकादशी भनिन्छ । दिनको प्रातः समय एकादशी, मध्यदिनभरी द्वादशी र भोलिपल्ट सूर्योदयअघि त्रयोदशीतिथि स्पर्श भएको एकादशीलाई त्रिस्पृशा एकादशी भनिन्छ । यस्तो पर्व परेमा अन्य एक हजारवटा एकादशीको पुण्य एकैदिनको उपासनाबाट लिन सकिन्छ । एकादशीमा दिन या रात उपासना गर्नाले ब्रह्महत्या, गोहत्या सम्मको दोषवाट मुक्ति पाइने र सयौँ अश्वमेध यज्ञ गरेको समेत फल पाइने हुन्छ । शुक्लपक्षको पुनर्वसु नक्षत्रले युक्त भएको एकादशी जया हो । शुक्लपक्ष श्रवण नक्षत्रले युक्त विजया हो, द्वादशी रोहिणी नक्षत्र परे जयन्ती हुन्छ र पुष्य नक्षत्र परेमा पापनाशिनी हुन्छ । यस्तो नक्षत्र विशेषको एकादशी परेमा १ वर्षसम्म नित्य १ पाथी तिल दान गरेको वा एक हजार एकादशीको उपवास गरेको पुण्य प्राप्त हुन्छ । कलियुगमा मानिसको उमेर समय निकै नै थोरै भएकाले यस्ता विशेष दिनहरु पहिल्याई पुण्य लुट्ने प्रयास गर्नु सर्वोत्तम हुन्छ । फलाहार, जलाहार वा निराहारबाट एकादशी उपासना गर्ने गरिन्छ । निर्जला एकादशी सकेमा जल समेत ग्रहण नगरेर गरिने उपासना हो । नखाएर मात्रै व्रत उपासना हुने भने होइन । मुख्यकुरा वाणीको व्रत, श्रवणको व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रिय निग्रह, देवपूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता, सवै नै उपासनाका स्वरुपहरु हुन् । एकादशीमा अन्न खास गरी चामलमा मानिसका दुष्कर्म (पाप) हरु बस्ने भएकाले अन्न नै ग्रहण गर्नु परे पनि चामलको भात र परिकार ग्रहण नगर्ने विधान छ । महिनामा एक दुई दिन अन्न त्यागनाले शरीरको पाचन क्षमता वृद्धि भई शरीर निरोगी हुन्छ र मुख्य जठराग्नि पनि बलियो हुन्छ ।

व्रतको प्रभाव भने मनको दृढ संकल्प नै हो, मनोवल वृद्धि हो, चित्तशुद्धि हो, धर्म परायण र सात्विकभावको विकास हो । सत्य, धर्म, सदाचार व्यक्ति, समूह, समुदाय र समग्र राष्ट्र निर्माणमा सहयोग पुग्छ । मनोमालिन्य र द्वन्दपूर्ण समाजको कारण मुलुक, राष्ट्र र पूरै ब्रह्माण्ड नै उजाड बन्न पुग्छ । देवत्वभावले दान पारमिताले सवैको संरक्षण हुन्छ । वैदिक चिन्तनको स्रोत भूमि नेपालमा रहेको धर्म, संस्कृतिको आज अन्य मुलुकहरुले पनि अनुसन्धान, अध्ययन गर्दैछन् । भावनाशुद्ध गरी कार्य गरेमा त्यस्तै योजना, उद्देश्य, रणनीति, कार्यक्रमसँग सहभागी हुन सकेमा समग्र मुलुकको आर्थिक विकास छिटो र सन्तुलित पनि हुन सक्छ ।

काम्य र नित्य गरी व्रतको दुई स्वरुप छन् । उद्देश्य एवं कामनापरक काम्य उपासना हुन्छ । कुनै इच्छा नराखी गरिने व्रत उपासना नित्य उपासना हो र एकादशी अनुष्ठान नित्यकर्ममा पर्छ । नित्य र निस्काम व्रतको प्रभावले झन् वढी उद्देश्य सफल बन्ने हुन्छ - कारण मानिसलाई आवश्यक भुक्ति र मुक्ति दुवै प्राप्त हुन आवश्यक छ, जुन एकादशी अनुष्ठानबाट मात्र सम्भव छ । एकादशी व्रती निरोगी हुन्छ, सुखी र समृद्धशाली हुन्छ । जुवा, कुभाषण, मिथ्या, परनिन्दाबाट टाढा हुन्छ । चोरी, हिँसा, क्रोधबाट टाढा हुन्छ भने आवेग र तनावरहित जीवन संचालन हुने हुँदा व्यक्ति, समाज र पूरै राष्ट्र शान्त र समृद्ध हुन्छ ।

निर्जला एकादशीको दिन विहानै तुलसीदल छर्ने कार्य गरी श्रीविष्णुको पूजा गरिन्छ । तुलसीको महत्व जीवनको उदयदेखि अन्त्यसम्म रहेको छ । कुश, तुलसी, पीपलको महत्व पूर्वीय संस्कृतिमा विश्वास गर्नेहरुमा लागि जीवनको ह्रदय झैँ महत्व रहेको कुरा वैदिक साहित्यमा सर्वत्र चर्चा भएको पाइन्छ । भए मोठ नभए गमलामा पूर्वतिर तुलसी वीजरोपण गर्नु पर्छ । तुलसी, पिपलमा अक्सिजन धेरै हुन्छ र आयुर्वेदीय गुण पनि ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

Congratulations

CELEBRATING 27th anniversary

नेको इन्सुरेन्स लि.
NECO
Neco Insurance Ltd.

Beema Bhawan, Gyaneshwor
Kathmandu, Nepal
Ph: 01-4542263, 01-4526595
01-4531462, 01-4530583
info@neco.com.np
www.neco.com.np

Make A Visible Difference

Many Congratulations on completing the noteworthy 27 years and entering 28 years by achieving this significant milestone.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Kamaladi, Kathmandu, Nepal
P.O. Box: 19327
Phone No: +977-1-4226247+977-1-4228671
Fax: +977-1-4228036
Email: info@gibl.com.np

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
अझ सबल, उत्कृष्ट एवं विस्तारित
Corporate Office
MBL Tower, Lazimpat, Kathmandu, Nepal
Tel: +977-1-4528556
Fax: +977-1-4525356
SWIFT: MBLNNPKA
Web: www.machbank.com

NIMB
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal.
Tel: 4228229, Fax: (977-1) 4226349
Email: info@nibl.com.np
SWIFT ADDRESS: NIBL NP KT
Website: www.nibl.com.np

PRABHU BANK
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-4788500
SWIFT: PRVUNPKA|www.prabhubank.com

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Kathmandu Plaza-II, Kamaladi, Kathmandu
Tel: +977-01-4168683/85/86
Email: info@muktinathbank.com.np
Website: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

Samriddhi Finance
समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
Partnership for Prosperity
Head Office: Hetauda, Makwanpur
Putalisadak, Kathmandu
Ph.: 01-5312099 | 5318838
Email: info@sfcl.com.np
Web: www.sfcl.com.np

HYUNDAI | Laxmi
SOLE DISTRIBUTOR OF HYUNDAI FOR NEPAL
www.laxmihyundai.com

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
Central Office: Singhadurbar Plaza, Kathmandu
Phone:+977-1-425-2595,, Fax:+977-1-425-2931
Email: rbb.info@rbb.com.np, Post-Box No.:8368
SWIFT Code: RBBANPKA

Bandan Bhagawati Nirman Sewa Pvt. Ltd.
M.D.: Ramji Panta(Mukesh)
BBNS Tower, Sahabhagita Marga,
Mid-Baneshwor, Kathmandu
Tel/Fax: 01-4468222

Samanantar Nirman Sewa Pvt. Ltd.
Samanantar Tower, Old Baneshwor,
Kathmandu, Nepal
Ph.: +977-1-4499918, 4499919, 4499920,
4499921, 4403584, 4493375
info@samanantar.com.np, samanantar.con@gmail.com
www.samanantar.com.np

Er. Lalit K.C.
Insurance Surveyor
Badikhel, Godawari Municipality, Ward No:4, Lalitpur
Tel: 01-5226118, Mobile: 9851050383
Email: kclt31@yahoo.com, badikhel@yahoo.com

Asia Meditech Solutions Pvt. Ltd
Bijulibazar, Kathmandu
Mob.: 9841455447, 9851145579

C-Mech Consultancy Pvt. Ltd.
2058 B.S.
(Delivering Trust to Insurance Sector since 2058)
01- 4441180, 4442109,9851122588
www.cmech.com.np

Basanta Devkota
Surveyor
Tokha Municipality-10, Kathmandu
Mob.: 9851002517
E-mail: basanta.devkota@yahoo.com

CYPHER TECHNOLOGY
Sanepa Road, Lalitpur
Nepal
+977-01-5010764/65
info@cyphertechnepal.com

Er: Khemraj Chattaut
Insurance Surveyor
Mahendranagar,Kanchanpur
Mob.: 9848723786/9858750354

HARISH NEPAL
HRIDAYA TRADE CONCERN
+977 9818179000 (Office)
+977 9801828282 (Mobile)
info@htcnepal.com
ehridaya@yahoo.com
House No.: 267, Dahati Pokhari
Sorhakhutte, Kathmandu, Nepal
Meets your expectation

Global Computer Techno Pvt. Ltd.
Dillibazar, Kalikasthan, Kathmandu
Ph. No.: 4429629, Cell: 9851045138, 9800909109
Email: globalcomputertechnoltd@gmail.com

Er. Om Prakash Sapkota
Insurance Surveyor
Nepalgunj
Mob.: 9851133065

Er. Sushant Limbu
Tanchhoma Engineering Consultancy
Ranibari, Samakhusi, Kathmandu
Mob.: 9851008089

Er. Anil Kumar Chaudhary
Insurance Surveyor
Biratnagar-13
Mob.: 9851149097

M.B. Engineering Service Pvt. Ltd.
Nepalgunj, Banke
Mob.: 9858089300, 9844856001

B ASSURED
all is well
B Assured Pvt. Ltd.
Tilganga, Kathmandu
Ph.: 01-5914737
Cell: 9802322121

Er. Bisheshwor Mahato
Insurance Surveyor
Biratnagar
Mob.: 9852032112

Janardan Adhikari
Dikshya Engineering Solution Pvt. Ltd.
Engineers & Insurance Surveyor
Bhainsepati, Lalitpur
Ph. 01-5590378, 9851094947

Er. Sanjay Kumar Yadav
Robin Engineering Pvt. Ltd.
Insurance Surveyor
Maitidevi, Kathmandu
Mob.: 9851110750

Er. Udayaraj Adhikari
Pivot Risk Pvt. Ltd.
Kathmandu
Mob: 9851099693

Er. Dinesh Yadav
(Insurance Surveyor)
Jalpa Technical & Management Services Pvt. Ltd.
Lalitpur, Ph.: 01-5909605
Mob.: 9851204083

Er. Dharmaraj Adhikari
(Insurance Surveyor)
Gud Engineering Service Pvt. Ltd.
Newroad, Pokhara-8, Kaski
Mob.: 9856073513

Er. Avishek Trital
Ardour Engineering Consultancy Pvt. Ltd.
Sinamangal-31, Kathmandu
Mob: 9841718713

Kumod Khatiwada
Proprietor
GATEWAY PRINTERS & DESIGNERS PVT.LTD
Anamnagar, Kathmandu Nepal
Tel : 01-4791206
Mob : 9841705331
Email : gatewayprinters05@gmail.com
kumod2036@gmail.com
All Kinds of Printing Job Solution ...

Er. Ankur Dhungana
Insurance Surveyor
Kathmandu
Mob: 9851135658

Er. Shiva Prasad Bhandari
Diya Engineering Consultancy Pvt. Ltd.
Kageshwori, Manohara-9
Mob: 9841280299, 9857045118

Er. Shakti Yadav
(Insurance Surveyor)
Sky Engineering Consultancy Pvt. Ltd.
Thapathali, Kathmandu
Mob.: 9851045415

SUCCESS TRAVEL
WE PLAN YOUR DREAM
HATTISAR-01, SAKHA CENTRE
KATHMANDU
PH.: +977 01 4535112, +977 01 4535113

Chudamani Subedi
Insurance Surveyor
Kohalpur,Bake
Mob.: 9858026836

Er. Pratik Karki
Nepal Engineering Surveyors Pvt. Ltd.
Kathmandu, Nepal
Mob: 9851174611

MARCH

Er. Arun Humagain
Vistas Engineering Pvt. Ltd.
Kageshwori, Manohara-9
Kathmandu, Nepal
Mob.: 9851061579, 9854023007

आँचल ईलेक्ट्रोनिक्स ट्रेड प्रा. लि.
काठमाडौं
फोन: ०१-५२४४१३४

# डोल्पाका चार गाउँ तीन महिनादेखि अन्धकार



**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, १६ जेठ

हिमाली जिल्ला डोल्पाका चार गाउँ तीन महिनादेखि अन्धकारमा छन्। डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ६ पालङस्थित खातीखोला लघुजलविद्युत केन्द्रको ट्रान्समिटर बिग्रिएपछि वडा नं ५ र ६ का ल्हाँ, फुल्बिड, खदाङ र पालङ गाउँ तीन महिनादेखि अन्धकार बनेको छ।

तीन महिनासम्म पनि ट्रान्समिटर मर्मत नभएपछि चार गाउँका चार सय ५२ घरधुरी दुःखी तथा दियालोको भरमा बस्न बाध्य भएका छन्।

करिब पाँच करोड रुपैयाँ लागतमा २०७४ सालमा निर्माण भएको खातीखोला लघुजलविद्युत केन्द्र गत फागुनदेखि बन्द रहेको छ। स्थानीय रमेश बोहोराले स्थानीय जनप्रतिनिधि र विद्युत व्यवस्थापन समितिका पदाधिकारी तथा कर्मचारीको लापरवाहीका कारण हालसम्म ट्रान्समिटर मर्मत नहुँदा चार गाउँका बासिन्दा अन्धकारमा बस्न बाध्य भएको बताए। विद्युत नहुँदा बालबालिकालाई पढ्न समस्या भएको अर्को स्थानीय भीम चलाउने बताउँछन्। साथै विद्युत नभएका कारण मोबाइल चार्ज नहुँदा सञ्चारमा पनि समस्या भएको उनले बताए। यस्तै विद्युत नहुँदा इलाका प्रहरी कार्यालय खदाङको काम कारबाहीमा पनि असर परेको छ। इलाका प्रहरी कार्यालयले विद्युत नभएका कारण मोबाइल तथा सञ्चार सेट चार्ज नहुँदा दिनभरका सुरक्षा गतिविधि जिल्लामा जाहेरी गर्न समस्या भएको बताएको छ।

जलविद्युत व्यवस्थापन समितिका अध्यक्ष मित्रलाल बोहोराले स्थानीय सरकारले पर्याप्त बजेट नदिँदा ट्रान्समिटर मर्मत कार्य रोकिएको बताए। उनले ट्रान्समिटर मर्मतका लागि बुटवलस्थित नेपाल स्टिल स्ट्रचर प्रा.लि. कम्पनीमा पठाइएको भएपनि आर्थिक अभावका कारण ल्याउन नसकिएको जानकारी दिए। वडा नं ६ का अध्यक्ष देवेन्द्र चलाउनेले विद्युत उपकरण मर्मतका लागि नगरपालिकाबाट चार लाख रुपैयाँ विनियोजन गर्न लगाइएको बताए। तर वडामा बजेट नहुँदा वडाका तर्फबाट चाहेर पनि रकम दिन नसकिएको उनको भनाइ थियो।

# गुणस्तर कार्यालयका पूर्ववरिष्ठ निरीक्षक यादवविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जका पूर्ववरिष्ठ निरीक्षक शशीभूषण कुमार यादवविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले यादवविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा मंगलबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

अख्तियारका प्रवक्ता भोला दाहालका अनुसार यादवविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरेको कसुरमा ४ करोड ४७ लाख ३४ हजार २ सय १२ रुपैयाँ बिगो र त्यति नै जरिवाना तथा कैदसजाय मागदाबीसहित मुद्दा दायर गरिएको छ।

सरकारी सेवामा प्रवेश गरेपछि उनको वैध आम्दानी २ करोड ७७ लाख २२ हजार ५० रुपैयाँ हुने र उनको आम्दानी ७ करोड २४ लाख ५६ हजार २६३ रुपैयाँ देखिएको भन्दै अख्तियारले स्रोत नखुलेको रकम ४ करोड ४७ लाख ३४ हजार २१२ रुपैयाँ देखिएको जनाएको छ। २०४६ जेठ ८ गते सरकारी सेवामा प्रवेश गरेका उनले २०७९ सालसम्ममा ७ करोड २४ लाख ५६ हजार रुपैयाँ आम्दानी गरेका थिए। उक्त रकम सार्वजनिक पदको दुरुपयोग गरेर आर्जन गरेको पाइएकाले भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता दाहालले जानकारी दिए।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Elite Human Resource Pvt. Ltd.** श्रम इजाजत पत्र न. १०१२/०६८/०६९ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | अनुजा बन्जारा | Reception | ४४-०१-७७-०६३५४ |
| २. | दिपा श्रेष्ठ | Accountant | ४६१००३/५९४ |
| ३. | निर्मला आले मगर | Documantation | ४४-०१-७२-००९८१ |

**Elite Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal
Tel: 01-4387995, 4389849, 4383362
9803031722, Email:elitehrnepal@gmail.com, www.ehr.com.np



## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Leading Aim international Pvt. Ltd.** श्रम इजाजत पत्र न. ११७०/०७३/०७४ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | देव राज कार्की | Documentation | झापा, नेपाल |

**LEADING AIM INTERNATIONAL PVT. LTD**
Govt. Lic. No.: 1170/073/074
Basundhara-3, Kathmandu, Tel: 01-5904026
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np



## मलेसियामा रोजगारको अवसर

१. कम्पनी : FUJI BAKERY SUPPLIES (M) SDN. BHD.
शहर: Malaysia,Selangor

पुर्व स्वीकृत मितिः २०७९/०४/२३ चलानी नं.: ६०१८४८४१ LT. No.: 268970 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 120 | 0 | स. काममा दक्ष | 1500 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २४ गते (7 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: ETIHAD INTERNATIONAL HOSPITALITY (EIH) L.L.C.-SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०९/१६ चलानी नं.: ६०१७४०२८ L.T. No.: 254805 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 204 | 97 | स. काममा दक्ष | 800 | २८,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २४ गते (7 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com



## साउदीमा वैदेशिक रोजगार अवसर

१. कम्पनी : SALEH HASSAN BIN ABDULLAH AL-QAHTANI CAFE TO SERVE DRINKS शहर : JEDDAH
पूर्व स्वीकृत मितिः २०८०/०२/१५ चलानी नं.: ६०२०२१५२ LT. No.: 286790

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Worker | 2 | 0 | स. काममा दक्ष | 1100 | ३८,६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : QAWAFI LOUNGE RESTAURANT TO SERVE MEALS शहर :JEDDAH
पूर्व स्वीकृत मितिः २०८०/०२/१५ चलानी नं.: ६०२०२१५३ LT. No.: 286789

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २४ गते (7 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



## साउदीमा रोजगार

कम्पनी : AN AUTHENTIC BIRYANI RESTAURANT FOR SERVING MEALS
शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०८०/०२/१५ चलानी नं.: ६०२०२१५७ LT. No.:286800

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २४ गते (7 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com
IAF



## कतारमा रोजगारको अवसर

कम्पनी: ARBABI TRANSPORTATION AND SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०२/१६ चलानी नं.: ६०२०२१९८ LT. No.: 286805

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisior | 9 | 0 | स. काममा दक्ष | 2500 | ९०,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० जेठ २४ गते (7 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np



## EMPLOYMENT OPPORTUNITY IN CRUISE LINE

**Gurkha International Manpower Services Ltd., Hongkong**

Pre-approval Date: 2080/02/12 LT.: 286615 Dispatch No.: 60202227

| S. N. | Category | Nos. Male | Nos. Female | Qualification | Monthly Salary USD. | Monthly Salary NRS. | Over time | Working Hrs. | Working days in week | Annual leave | Food | Accomodation | Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef De Partie | 5 | 0 | Experienced | 1976 | 2,91,137 | as per company rule | 44 Hours per week | | as per company rule | Provided | | 1 Year |
| 2. | Demi Chef D Partie | 5 | 0 | | 1329 | 1,75,633 | | | | | | | |
| 3. | Security Patrolman | 3 | 0 | | 1194 | 1,57,792 | | | | | | | |
| 4. | Security Patrolwoman | 0 | 7 | | 1194 | 1,57,792 | | | | | | | |

Qualifications and Skills

1. Chef de Partie: Diploma in Culinary arts or equivalent. At least 5 Years of experience in galley with at least 2 years in Demi Chef de Partie in 4 or 5 star hotel .
2. Demi Chef de Partie: Diploma in Culinary arts or equivalent. At least 5 Years of experience in galley with at least 2 years in 1st Commis Chef in 4 or 5 star hotel.
3. Security Patrolman: Ex-British, Indian, Nepali Army Police with 10 years of experience. Age 23-40, Height 5.5"
4. Security Patrolwoman: Should have minimum of 2 years experiences in security field. Age 23-35 years, Height 5.2".

Other criteria: Applicant should be minimum of 23 years old, should possess a good command in English and excellent computer skills, a good physics, gentle person with no tattoo and no sweaty Palm.

**NOTE:** Applicant needs to go through Marlins English test for seafarers and should obtain more than 70%. Those who are unable to obtain will be declared failed.

| Pre-Medical Expenses In Nepal | Medical Expenses In Abroad | Insurance Expenses In Nepal | Insurance Expenses In Abroad | Ticket Expenses | Visa Expenses | Welfare Fund | Orientation Charge | Recruitment Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|
| By Candidate | By Company | By Candidate | By Company | Provided By The Company Free of Cost | | By Candidate | By Candidate | Provide By The Company |

**Interview will be held on June 18, 19 & 20, 2023 (2080 Asar 3, 4 & 5) in Own Office, Jawalakhel, Lalitpur**

**Information by Department of foreign employment:** 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost other than pre-medical, so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sing on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want do know more about this advertisement then you can please contact nepal labour & employment department in Buddhanagar, New Baneshwor.

**British Gurkha Overseas Services P.Ltd.** Lic. No. 104/054/055
Shanti Chowk-4, Jawalakhel, Lalitpur, Nepal, Phone No.: 01-5530900



## कतारमा रोजगारको अवसर

कम्पनी: PAK SHAMAA SCHOOL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०२/१६ चलानी नं.: ६०२०२२०३ LT. No.: 286335

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 5 | स. काममा दक्ष | 1000 | ३६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २४ गते (7 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

